प्रदेश सरकार

म.ले.प.फाराम नं: ९०९

# सामाजिक विकास मन्त्रालय

कार्यालय कोड नं.:

## भ्रमण प्रतिवेदन

**भ्रमण आदेश नं.४३१**

**भ्रमण टोली प्रमुखः हरिप्रसाद दाहाल**

**भ्रमण अवधिः २०८२/१२/०३ देखि २०८२/१२/०७**

**क. भ्रमणको उद्देश्यः**

| |
|---|
| भाषा कक्षा सञ्चालनका लागि अनुमति माग गर्ने संस्थाहरुको अनुगमन, |

**ख. सम्पादित मुख्य मुख्य काम :**

| |
|---|
| १. भाषा कक्षा सञ्चालनका लागि अनुमति/नवीकरण माग गर्ने ७ वटा संस्थाहरु (जेनेसा एजुकेशन सर्भिसेस , टेक्नोलोजी इनोभेसन म्यानेजमेन्ट एजुकेशन सोलुसन प्रा. लि, आइसिन जापानिज ल्याङगोइज एण्ड कल्चरल सेन्टर प्रा.लि, युमे इन्टरनेशनल एकेडेमि , नेक्जोरा एजुकेशन एडभाईजर्स प्रा.लि , जिन एजुकेसन प्रा.लि, क्याम्ब्रिज एजुकेशन स्टडी एब्रोड झापा प्रा.लि ) को स्थलगत अनुगमन, |
| २. भाषा कक्षा सञ्चालक र प्रवन्धकसँग भाषा कक्षा सञ्चालनको अवस्था र योजना सम्वन्धमा छलफल, |
| ३. भाषा कक्षा सञ्चालनका लागि प्रवन्ध गरिएका भौतिक सामग्री र जनशक्ति तथा संस्थाको कामसँग सम्वन्धित कागजात अध्ययन, |

**ग. सिकाइ तथा उपलब्धिः**

| |
|---|
| १. सम्वन्धित कन्सल्टेन्सीहरुको भौतिक पक्ष र सञ्चालनको अवस्थाको यथार्थपरक विवरण प्राप्त भएको, |
| २. अनुमति नवीकरण माग गर्ने संस्थाहरुले शैक्षिक परामर्शको कार्य समेत भएको देखिएको, |
| ३. मौजुदा ब्रिजकोर्श तथा भाषा कक्षा सञ्चालन सम्वन्धी निर्देशिका, २०७९ मा संसोधन वा अन्य कानुनी व्यवस्थामार्फत यस प्रकारका संस्थाहरुको नियमन गर्न सकिने, |

**घ. सारांश तथा सुझावहरूः**

| |
|---|
| १. अनुमति नवीकरण माग गर्ने अधिकास संस्थाहरु भौतिक रुपमा कार्यालय स्थापना भई सञ्चालनमा रहेको देखिएकोले स्थलगत अनुगमनका क्रममा संस्थाबाट पेश भएका प्रशिक्षकको कागजात बमोजिम अनुमति दिन सकिने, |
| २. मौजुदा ब्रिजकोर्श तथा भाषा कक्षा सञ्चालन सम्वन्धी निर्देशिका, २०७९ बमोजिम अनुमति दिंदा शैक्षिक परामर्शको क्षेत्रको नियमन हुन नसकेको र उक्त प्रकारका संस्थाहरुले मुख्य गरी शैक्षिक परामर्श केन्द्रित रहेको देखिएकोले अन्य प्रदेशमा भएका अभ्यास समेतलाई दृष्टिगत गर्दा शैक्षिक परामर्श समेत समावेश गरी निर्देशिका संसोधन वा कानुनी व्यवस्था मार्फत यस प्रकारका संस्थाहरुको नियमन गर्नुपर्ने, |

**ङ. भ्रमण पुष्टि गर्ने संलग्न कागजातको विवरणः**

१. भ्रमण आदेश

२. भ्रमण बिल र निवेदन

३. फोटो

..................

भ्रमणमा जाने कर्मचारी
नामः रत्ना कुमारी न्यौपाने
पदः सहायक पाँचौ
मितिः २०८२/१२/२४

..................

भ्रमणमा जाने कर्मचारी
नामः हरिप्रसाद दाहाल
पदःशिक्षा अधिकृत सातौं
मितिः २०८२/१२/२४